# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र २१ गते २०११ साल

## भाग १

## राज्यव्यवस्था विभागको सूचना

### सरकारी कर्मचारीहरूको सस्वा, बढुवा, खारेजी.

श्री ५ महाराजाधिराजबाट देहायमा लेखिएका कर्मचारीहरूलाई देहायमा लेखिएका पोष्टमा सस्वा, बढुवा, खारेजी गरिदिनु भन्ने हुकुम बक्से अनुसार निम्नलिखित व्यक्तिहरूले पनि यो आदेशलाई बहाली वर्खासो संभी आफ्नो जिम्माको नगदी, जिन्सी ऐनमवालले बुझाउनुपर्ने जो जतिछ हालवालालाई बुझाइ सवालका म्याद भित्र आफुलाई ठेकिरहा अड्डामा बहालगरी साविकवाला संग जो बुझनु पर्ने बुझी ली ऐनमवालबमोजिम कामकाज गर्नुहोला ।

यो बहाली पाउन्न भएपछि अड्डामा बहाल गर्न जानलाई यस राज्यव्यवस्थामा आउनुभै कबुलियत भरी जानुहुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) बीरगञ्ज गोस्वाराका बडाहाकिम मनशमशेर ज. ब. रा. बाई चैत्र ३ गते देखि खारेज जनाई सो खालिमा शिक्षा विभाग अन्तर्गतको डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्शन श्री जितेन्द्रबहादुर शाहा सरुवा बढुवा गरिदिने ।

(२) पाल्पा गौंडाका बडाहाकिम अनिरुद्रप्रसाद सिंह हुकुमबक्सेबमोजिम दरबारमा सरकारी कामगरी रहनु भएको जनाई सो खालीमा फष्ट राईफलको ले. क. थीरबहादुर बाई आर्मीबाट काज गराइ खाई पाई रहेको तलबमा थपगरी पाल्पाको बडा हाकिमले पाउने अंक पुऱ्याउने गरी कितापदर्ता गरिदिने ।

(३) काठमाडौं मजिष्ट्रेट अफिसको मजिष्ट्रेट रङ्गनाथ धनकुटा गौंडामा सरुवाभै खालीमा बीरगञ्ज गोस्वाराका अ. सुब्बा दुर्गादत्तबाई सरुवा बढुवा गरी दिने ।

(४) ब. पु. म. का. म. सुरेन्द्रमानबाई राज्यव्यवस्थामा जगेडा जनाइ सो ठाउमा भक्तपुर मजिष्ट्रेट अ. का मजिष्ट्रेट बद्रीप्रसादबाई सरुवा गरिदिने ।

(५) म. पु. म. को म. बद्रिप्रसाद सरुवा खालीमा कानून विभागबाट तलब भत्ता खाइ रहनु भएका ले. क. बलभ शमशेर ज. ब. रा. बाई सरुवा बढुवा गरिदिने ।

आज्ञाले —

माणिकलाल,

का. मु. सेक्रेटरी — राज्यव्यवस्था विभाग.

322

गोरखापत्र छापाखानामा मुद्रित । सरदार विष्णुध्वज जोशी.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।